गन्यापधुरा गाउँपालिका

**स्थानीय राजपत्र**

खण्ड:१०  संख्या:२  साउन २४ गते बुधबार, २०८३

**भाग-२**

**गन्यापधुरा गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

**गणेशपुर, डडेल्धुरा**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

**गन्यापधुरा गाउँपालिका कार्यसञ्चालन निर्देशिका २०७७ का केही दफाहरुमा संशोधन गर्नुपर्ने भएकाले तयार पारिएको यो संशोधित निर्देशिका सर्वसाधारणको लागि प्रकाशन भएको सूचना गरिन्छ ।**

## गन्यापधुरा गाउँपालिकाको कार्यसञ्चालन (दोस्रो संशोधन) निर्देशिका,२०८३

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०८३/०५/१७

**प्रस्तावना:** गन्यापधुरा गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

गन्यापधुरा गाउँपालिकाको गाउँ कार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशिकाको नाम "गन्यापधुरा गाउँपालिकाको कार्यसञ्चालन (दोस्रो संशोधन) निर्देशिका, २०८३" रहेको छ ।

(२) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

**२. गन्यापधुरा गाउँपालिका कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा ९ मा संशोधन:** कार्यसञ्चालन निर्देशिका, २०७७ को (यसपछि मूल निर्देशिका भनिएको) परिच्छेद ३ को दफा ९ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ ।

"(१) कार्यालयले उपलब्ध गराएको सरकारी तथा निजी सवारी साधन प्रयोग गरी नियमित रुपमा कार्यालयमा आउने तथा कार्यालय कामकाजका लागि फिल्डमा खटिने कर्मचारीलाई अनुसूची - १ बमोजिम पाउने इन्धन सुविधा वापत हुन आउने रकम नगदै मासिक रुपमा तलबसँगै उपलब्ध गराइनेछ । यसरी इन्धन सुविधा प्राप्त गर्ने कर्मचारीले इन्धन बिल समावेश गर्नुपर्ने छैन ।"

३. **<u>मूल निर्देशिकाको दफा १२ मा संशोधनः</u>** मूल निर्देशिकाको परिच्छेद ६ को दफा १२ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ।

"(२) प्रमुख प्रशासकीय अधिकृतलाई मासिक **पन्ध्र सय** रुपैयाँ र गाउँपालिकाको सुचना अधिकारीलाई मासिक **एक हजार** रुपैयाँमा नबढाई सञ्चार तथा पत्रपत्रिका सुविधा वापतको रकम वा मोबाइल रिचार्जको सुविधा उपलब्ध गराइनेछ।"

४. **<u>मूल निर्देशिकाको दफा १४ मा संशोधनः</u>** मूल निर्देशिकाको परिच्छेद ६ को दफा १४ को उपदफा (१) पछि देहायको उपदफा (२) थपिएको छ।

“(२) उपदफा (१) बमोजिमको मासिक प्रोत्साहन भत्ता प्राप्त गर्नका लागि कर्मचारीले कार्यालय समय भन्दा अतिरिक्त समयमा समेत कार्य गरेको स्पष्ट प्रमाण वा आधार प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराई संलग्न राख्नुपर्नेछ। "

५. **<u>मूल निर्देशिकाको दफा १५ मा संशोधनः</u>** मूल निर्देशिकाको परिच्छेद ७ को दफा १५ को उपदफा (२) को खण्ड (ख) मा रहेको "**एक हजार पाँच सय रुपैया**" को सट्टामा "**एक हजार चार सय रुपैया**" राखिएको छ।

५. **<u>मूल निर्देशिकाको दफा १५ मा संशोधनः</u>** मूल निर्देशिकाको परिच्छेद ७ को दफा १५ को उपदफा (२) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छ।

" (ख१) आन्तरिक प्रशिक्षकको हकमा अधिकृतस्तर भए प्रति सेसन प्रवचन/कार्यपत्र तयारी वापत रु. **दुई हजार** र सहायकस्तर कर्मचारी भए रु. **एक हजार पाँच सय रुपैया** भुक्तानी गर्न सक्नेछ।"

**अनुसूची - १**

## दफा ९ को उपदफा (१) सँग सम्बन्धित

कर्मचारीको लागि मासिक इन्धन सुविधा

इन्धन (पेट्रोल/डिजेल लिटरमा)

| **क्र.सं.** | **तह/ पद** | **गाउँपालिका** |
|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत(चारपाङ्ग्रे) | ६० लिटर |
| २ | अधिकृतस्तर(दशौं र एघारौं) (चारपाङ्ग्रे) | ६० लिटर |
| ३ | अधिकृतस्तर(आठौं र नवौं)(चारपाङ्ग्रे) | ४० लिटर |
| ४ | अधिकृतस्तर ६ औ, ७ औ  र आठौ (मोटरसाइकल/स्कुटर) | १० लिटर |
| ५ | सहायकस्तर चौथो/ पाँचौ (मोटरसाइकल/स्कुटर) | ८ लिटर |
| ६ | सवारी चालक/सहयोगी स्तर(मोटरसाइकल/स्कुटर) | ६ लिटर |

**इन्धन सुविधा पाउने आधारहरु,**

१. पदाधिकारी र कर्मचारीको लागि कार्यालयले उपलब्ध गराएको वा आफ्नै गाडी वा मोटरसाइकल हुनुपर्नेछ।

२. महिना भरी बिदामा रहेको अवस्थामा सो महिनाको इन्धन उपलब्ध गराइने छैन।

३. मासिक कोटा इन्धन वापतको रकम मासिक पारिश्रमिकसँगै पारिश्रमिक भुक्तानी हुँदाको नेपाल आयल निगम लिमिटेडले तोकेको रिटेल विक्री मुल्य दरमा नगदै उपलव्ध गराईनेछ।

४. दमकल,एम्बुलेन्स, कार्यालयको चारपाँग्रे सवारी र सरसफाइका साधनमा आवश्यकता अनुसार इन्धन उपलब्ध गराइनेछ।

५. गाउँपालिकाको पूर्वाधार शाखामा कार्यरत कर्मचारीलाई थप ५ लिटर ईन्धन उपलव्ध गराईनेछ।

६. कार्यालयको सवारी साधन भएमा सर्भिसिङ्गका लागि प्रत्येक तीन महिनामा कार/जिपको लागि **पाँच लिटर** मोबिल र प्रति मोटरसाईकल **एक लिटर** मोबिल उपलव्ध हुनेछ।

७. चारपाङ्ग्रे वा सो भन्दा ठूला साधन सञ्चालनको लगबुक भरी तोकिएको अधिकारीले प्रमाणित गरेको हुनुपर्नेछ।

**आज्ञाले,**

**दिलिप कुमार तामाङ**

**प्रमुख प्रशासकीय अधिकृत**